सं. 1(12)/सीएलसीएसएस/ विविध /फे क लोन/2020-21

# भारत सरकार

# सूक्ष्म, लघु एवं मध्यम उद्यम मंत्रालय

## विकास आयुक्तको कार्यालय (एमएसएमई )

---

सातौं तल्ला, 'ए' विंग

निर्माण भवन, नयाँ दिल्ली

मिति: 18 सेप्टेम्बर 2020

धोखाधडी/**जालसाजी सम्बन्धमा** चेतावनी

सूक्ष्म, लघु एवं मध्यम उद्यम मन्त्रालयको यो जानकारीमा आएको छ कि केही बेइमान तत्वहरू मानिसहरूसँग सम्पर्क गर्दै सूक्ष्म, लघु एवं मध्यम उद्यम मन्त्रालयको विभिन्न योजनाहरु अन्तर्गत मन्त्रालय बाट सीधा ऋणको सुविधा प्रदान गर्ने बहानामा पैसा वसूली रहेका छन्।

यसकारणले सबैको जानकारीको निम्ति यो सुचित गरिन्छ कि भारत सरकारको सूक्ष्म, लघु एवं मध्यम उद्यम मन्त्रालयले यसको कुनै पनि क्रेडिट (ऋण) योजनाहरूको सम्बन्धमा व्यक्तिगत लाभार्थीहरूको साथ प्रत्यक्ष/ सीधा रूपमा व्यवहार/ सम्पर्क गर्दैन। मन्त्रालयका सबै क्रेडिट(ऋण) योजनाहरू बैंक / वित्तीय संस्थाहरू मार्फत मात्र कार्यन्वनयन गरिन्छ । एमएसएमई ऋण/ क्रेडिट सुविधा लिन इच्छुक व्यक्तिले आफ्नो नजदिकको अधिसुचित वाणिज्य बैंकहरूमा सम्पर्क गर्नुपर्दछ । एमएसएमई मन्त्रालयको सबै क्रेडिट योजनाहरूको सम्पूर्ण विवरण हाम्रो वेबसाइटहरूमा अर्थात् **https://msme.gov.in, http://dcmsme.gov.in** तथा **https://champions.gov.in.** उपलब्ध छन्।

सूक्ष्म, लघु एवं मध्यम उद्यम मन्त्रालयले उद्यमी र जनसमुदायलाई यस्ता जालसाजीहरूले प्रत्यक्ष रूपमा अथवा वेबसाइट / फोन कलहरू आदि मार्फत गरेका प्रस्तावहरूको शिकार नहुन चेतावनी दिन्छ । सूक्ष्म, लघु एवं मध्यम उद्यम मन्त्रालय उद्यमीहरू र जनसमुदायलाई सतर्क रहने आव्हान गर्दै सुझाउ दिईन्छ कि त्यस्ता धोखाधडी गर्ने व्यक्ति / संस्थाहरूको सम्पर्कमा आउनाले उनीहरूलाई वित्तीय नोक्सान गर्न सक्दछन् र यस्तो भएको खण्डमा उनीहरुका लागि मन्त्रालय कुनै पनि हिसाबले उत्तरदायी हुने छैन।

*****************